# भक्तपुरको भैलदुगु परम्पराको सांस्कृतिक अध्ययन

संगिता पंच[१]

**लेखसार**

*संसारमा विभिन्न धर्महरूको अस्तित्व रहेको छ । हिन्दुधर्मलाई सवैभन्दा प्राचीन धर्मको रूपमा लिने गरिन्छ । यस धर्ममा विभिन्न सम्प्रदायहरू रहेका छन् । ती सम्प्रदायहरूमा शैव, बैष्णव र शाक्त प्रमुख हुन् । नेपालमण्डलभित्र शाक्त सम्प्रदायको अधिकता पाइन्छ । शाक्त सम्प्रदाय र शैव सम्प्रदाय वीचको समन्वय स्वरूप शिवको एक रूप मानिने भैरवनाथको पूजा पनि तान्त्रोक्त विधिबाट हुने गरेको छ । यसै क्रममा भक्तपुर नगरको मध्यभागमा रहेको भैरवनाथ मन्दिरमा पनि तान्त्रिक विधिले पूजागर्ने परम्परा छ । भैरव तान्त्रिक देवता भएकाले यिनको पूजामा पशुबलिका रूपमा बोकाको बलिदिने वा जिउँदै चढाउने गर्दछन् । भैरवलाई जिउंदै चढाइएका बोकालाई भैलदुगु भनिन्छ । भैलदुगु मोटा, हलक्क बढेका तथा भैरवजस्तै डरलाग्दा हुन्छन् । तिनीहरू मन्दिर वा मन्दिर वरपरनै बस्छन् । मन्दिरका कर्मचारी तथा भक्तहरूले दिएको खानेकुरा खान्छन् । देशका अन्य भागमा पनि देवी र भैरवका लागि जिउँदै बोका वा पशुपन्छी चढाउने परम्परा पाइन्छ । भैरवका लागि जिउँदै बोका चढाउने तथा त्यस्तो बोकाको मृत्यूमा स-सम्मान दाहसंस्कार गर्ने परम्पराका बारेमा हालसम्म राम्रोसँग अध्ययन अनुसन्धान भएको देखिँदैन, यस रिक्ततालाई यस शोधको आवश्यकता मानिएको छ । प्रस्तुत अध्ययन जुलियन स्टेवार्डको सांस्कृतिक पर्यावरणीय सिद्धान्तका आधारमा पूरा गरिएको छ । पर्यावरण अनुसार हरेक स्थानको संस्कृति फरक रूपमा विकास भएको हुन्छ भन्ने मान्यता यस सिद्धान्तको छ । प्रस्तुत अध्ययन विषयवस्तुको दृष्टिले गुणात्मक ढाँचामा पूरा गरिएको छ । यसका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका तथ्याङ्क संकलन गरी प्रयोग गरिएका छन् । यस अध्ययनमा मानिसले स्थानिय पर्यावरण अनुसार नै सुस्वास्थ्य, सुख र शान्तिको कामना गरी मन्दिरमा पशुहरू चढाउने गरेका हुन् भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : भैरवनाथ, भैलदुगु, परम्परा, आस्था-विश्वास, पर्यावरण ।

## परिचय

प्रस्तुत लेख भक्तपुरको भैलदुगु परम्पराको सांस्कृतिक अध्ययनसँग सम्बन्धित छ । भक्तपुर नगरको मध्यभागमा रहेको भैरवनाथ मन्दिरलाई काशी विश्वनाथका नामले पनि चिनिन्छ । यो मन्दिर भक्तपुर नगरपालिका वडा नं ५, तःमारी टोलमा अवस्थित छ । भैरवलाई शिवको उग्र रूप मानिन्छ । अन्धक नामको असुरको हातबाट भगवान शिवको शिरमा चोट लागेर रगत भुइँमा झर्दा त्यस रगतबाट भैरवको उत्पत्ति भएको पौराणिक कथा पाइन्छ । पुराणहरूमा भैरवको आठ रूपको उल्लेख छ (खतिवडा, २०८१, पृ.८६) ।

भक्तपुरमा असिताङ्ग भैरव, रूरु भैरव, क्रोध भैरव, चण्ड भैरव, उन्मत्त भैरव, कपाली भैरव, भीषण भैरव, संहार भैरवगरी आठ भैरव रहेका छन् । भक्तपुरमा अष्ट भैरवको रूपमा जमिनमा उठाइएको, भित्तामा टाँसिएका र भुइँमा सुताईएका शिलाहरूलाई पूजिँदै आएको छ (प्रत्येक्ष अवलोकनः वि.सं.२०८० माघ १०) । नवौं शताब्दीपछि काठमाडौँ उपत्यकामा तन्त्रको प्रभावसँगै भैरवको पूजा हुन थालेको मानिन्छ । गुणकामदेवले काठमाडौं शहरलाई भैरवको खड्गको आकार दिई निर्माण गरेको उल्लेख छ (राजोपाध्याय, २०८०, पृ.१३३-१३४) ।

भैरवलाई नगरको रक्षक देवताका साथै क्षेत्रपालको रूपमा पनि लिइन्छ । जहाँ जहाँ अष्टमातृका पीठ हुन्छ, त्यहाँ भैरवको पनि स्थापना गरिएको छ । इतिहासकारहरूका अनुसार मानदेवको पालादेखि नै तान्त्रिक पूजा गर्ने उल्लेख पाइन्छ । पलान्चोक भगवतीको स्थापना उनैकी छोरी विजयस्वामीले गरेको कथन छ (पौडेल विणा) ।

नेवाः सभ्यतामा स्थापित देवी देवताहरूलाई सगं काइम्हे वा समे नइम्हे द्यः अर्थात् बलि लिने देवता र सगं मकाइम्हे बलि नलिने देवता भनेर दुई भागमा विभाजन गरिएको छ । सगं अर्थात् सगनुअन्तर्गत पञ्चतत्वको रूपमा अण्डा, माछा, मासु, बारा र

१. पीएच.डी. शोधार्थी, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., ।sangitapancha2021@gmail.com

रक्सी पर्दछ । यसरी माछा, मासु, अण्डा, अदुवा, लसुन, भटमास, आलु, बोडी, चिउरा रक्सीसहितको खाद्य सामग्री चढाउन मिल्ने देवी देवता, एकअर्थमा मांसाहारी देवी/देवता मानिन्छ । साथै सगं मकाइम्ह अर्थात् समे मनइम्ह द्यः (माछा, मासु रक्सी आदि चढाउन नमिल्ने एकअर्थमा साकाहारी देवी/देवताको रूपमा लिने प्रचलन रहेको छ (जोशी, वि.सं. २०७९) ।

शाक्त परम्पराअनुसार भैरव रूप शक्ति पीठहरूमा रहने कारणले पनि भैरवको पूजा तान्त्रोक्त विधि बमोजिम हुने परम्परा रहेको देखिन्छ । त्यसैले भक्तपुरको भैरवनाथ मन्दिरमा पनि तान्त्रिक विधिले पूजागर्ने गर्दछन् । यस मन्दिरमा बोकाको बलिदिने र मनोकामना पूरा गर्न भैरवनाथको नाममा जिउँदै बोका छाड्ने या चढाउने चलन रहेको छ । यसरी भैरबलाई जिउँदै चढाइएका बोकालाई भैलदुगु (भैरबको बोका) भनिन्छ (अन्तर्वार्ताः लक्ष्मीभक्त घेमोसु, वि.सं. २०८१ माघ १४) । यसबाहेक भक्तपुर नगरका अष्टमातृका पीठहरु, भीमसेन मन्दिर, भैरबका अन्य मन्दिरहरूमा पनि बोका वा कुखुरा छाड्ने परम्परा पाइन्छ । भक्तपुरको महाकाली पीठ, भीमसेन मन्दिर, थिमीको बालकुमारी, कीर्तिपुरको बाघभैरब, नालाको उग्रचण्डी मन्दिर र बनेपाको चण्डेश्वरी मन्दिरमा हालसम्म चढाइएका बोकाहरु मन्दिर परिसरमा देख्न सकिन्छ भने पोखराको तालबाराही मन्दिरमा परेवा चढाउने चलन देखिन्छ (प्रत्येक्ष अवलोकनः वि.सं.२०८० माघ १०) । यसरी देवी देवतालाई चढाइएको पशुहरु काट्ने चलन छैन् । छाडिएको बोकालाई मायाका साथ स्याहारसुसार गर्नुपर्ने, खानादिनुपर्ने र मरेमा त्यसको विधिवत संस्कार गर्नुपर्ने नियम रहेको देखिन्छ । भक्तपुरको मध्यभागमा रहेको भैरबनाथ मन्दिरमा छाडिएको भैलदुगुको अन्तिमपटक विधिपूर्वक अन्त्येष्टि संस्कार आजभन्दाकरिव ४५ वर्ष अगाडि गरिएको पाइएको छ । त्यति बेला उक्त बोकाको लाशलाई स-सम्मान बाजा बजाएर र कुट (बिशेष किसिमले सजाएको लाश बोक्न बाँसबाट बनाइएको वस्तु) बनाएर चुपिंघाटमा अवस्थित मूदिप (मसानघाट)सम्म लगिएको थियो । बोकाको मलामी लाने क्रममा नगरका अधिकांश मानिसहरूको उपस्थितिरहेको प्रत्यक्षदर्शीहरूको भनाइ छ । तिनलाई मूलदिपअघि चुपिंघाटमा दागबत्तिदिएर अन्तिम संस्कार गरको उल्लेख पाइन्छ । यसैगरी अन्य स्थानमा पनि जंको खँचा (भिमरथारोहण गर्ने खट)मा राखेर खोलामा बगाउने, जंगलमा गाड्ने आदि चलन थियो । तर हाल यो परम्परा लोप भएको छ (अन्तर्वार्ताः तुल्सीमाया चवाल, वि.सं. २०८० माघ ३) ।

हिजोआज भैरवका लागि मन्दिरमा चढाइएका बोका केही समयमा नै चोरी हुने गरेका छन् । केही बचेका बोका वा बाख्राहरु मन्दिरमा चढाइएका खानेकुरा खाएर आफ्नो जीवन निर्वाह गर्दछन् । भक्तजनहरूले पनि यस्ता बोकाहरूलाई माया र सम्मान गर्दछन् । यिनीहरु मन्दिर परिसरकै धुवाँ, बत्तीको रापले सेक्ने जस्ता कार्यगरी रोगबाट बच्ने उपाय गरेको देखिन्छ (अन्तर्वार्ताः लक्ष्मीभक्त घेमोसु, वि.सं. २०८१ माघ १४) ।

## अनुसन्धानको समस्या

भैरव उपासना र पशुबलि, पर्यावरण र संस्कृतिबारे केही मात्रामा अध्ययन अनुसन्धान भएका छन् । तापनि भक्तपुर नगरको भैरब र अन्य देवस्थलमा जिउँदै बोका चढाउने र तिनको अन्त्यष्टि संस्कार गर्ने तथा त्यस्तो बोकाको मृत्यूमा स-सम्मान दाह-संस्कार तथा काजकृया गर्ने परम्पराका बारेमा हालसम्म नगन्य मात्र अनुसन्धान भएका छन् । यो यस शोधको रिक्तता हो । त्यसैलाई अध्ययनको समस्या मानिएको छ ।

## अनुसन्धानको प्रश्न

- भैलदुगु परम्परा भनेको के हो ?
- भैलदुगु र तिनको अन्त्येष्टि संस्कार किन गरिन्छ ?
- भैलदुग परम्पराले समाजमा कसरी प्रभाव पारेको छ ?

## अनुसन्धानको उद्देश्य

- भैलदुगु परम्पराको बारेमा खोजी गर्नु ।
- भैलदुगु र तिनको अन्त्येष्टि संस्कार सम्बन्धमा प्रकाश पार्नु ।
- भैलदुग परम्पराले समाजमा पारेको प्रभावसम्बन्धी विवेचना गर्नु ।

## अध्ययन विधि

भक्तपुरको भैरव मन्दिरमा भैलदुगु परम्पराको सांस्कृतिक खोजीको लागि व्याख्यावादको अवधारणामा (Anti Positivism) केन्द्रित भएर यस शोधको अन्टोलोजि वा सत्य तयार पारिएको छ । यसमा लेखमा गुणात्मक विधि प्रयोग गरे अध्ययन सम्पन्न भएको छ । यस अध्ययनमा उक्त परम्पराको अवलोकन, अन्तर्वाताद्वारा भैलदुगु चढाउने परम्पराका क्रममा प्रत्यक्ष द्रष्टाहरूको अनुभूति र भावनासँग सम्बन्धित तथ्याङ्करु प्रयोग भएका छन् । यो अध्ययनलाई भौगोलिक रूपमा भक्तपुर नगर र केही मात्रामा नगर बाहिर नाला, कीर्तिपुर, बनेपा, काठमाडौंमा मात्र सिमाङ्कन गरिएको छ । अध्ययनका लागि प्राथमिक र द्वितियक दुवै प्रकारका तथ्याङ्क प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्क प्रत्यक्ष अवलोकन, फोटोग्राफी, अर्न्तवार्ताबाट सङ्कलन गरियो । तथ्याङ्क सङ्कलन गर्न मन्दिरका पुजारी, कर्मचारी, शिक्षाविद, संस्कृतिविद, स्थानीय नेवार समुदायका व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । द्वितीयक तथ्याङ्क अर्न्तगत पूर्व प्रकाशित साहित्यहरु, नेवाः, भैरव र बोका बली सम्बन्धी लेख, जर्नल, पत्र-पत्रिका, इन्टरनेटको प्रयोग आदि छन् । यसरी प्राप्त तथ्यहरूलाई समग्र रूपमा विश्लेषण गरेर व्याख्यात्मक रूपमा अध्ययन सम्पन्न भएको छ ।

## पूर्व साहित्य समिक्षा

श्रेष्ठ, पुरूषोत्तमलोचन (२०६९) 'सुकुलढोका, लुँ विहार र दोलखा भीमसेन' ग्रन्थमा उल्लेख भए अनुसार भीमसेन शिवको एउटा स्वरूप हो । ने.सं. ७७५ को कान्तिपुर भीमसेनस्थानको अभिलेखमा 'श्री ३ शिवरूप भीमसेनाय नमः' भनिएको छ । दोलखा भीमसेनलाई शिव स्वरूपमा रुद्री गरिन्छ । शिवको उग्र स्वरूप भैरवकै एक नाम भीमसेन हो । भक्तपुरको भीमसेन मन्दिरको ठीक अघि रहेको स्तम्भमा बाघको मूर्ति रहेबाट पनि यस तथ्यलाई पुष्टि गर्दछ । यसबाट भैरब

र भीमसेन एउटै देवताका दुई भिन्न तान्त्रिक रूप हुन् भन्ने स्पष्ट हुन्छ । यसले शोधकर्तालाई भैरव र भीमसेन अस्तित्वको बारेमा ज्ञान प्राप्त भयो । तथापि यो शोधमा भक्तपुरको भैलदुगु परम्पराको सांस्कृतिक परम्पराका बारेमा उल्लेख भएको छैन । तसर्थ प्रस्तुत शोधमा उक्त रिक्ततालाई परिपूर्ति गर्ने प्रयास गरिएको छ । मानन्धर, टिना (२०१९) को दिगु पूजा नामको शोध प्रबन्ध अनुसार दिगु पूजा एउटा सामाजिक परम्परा हो । यस अवसरमा एकै कुलका कम्तिमा पाँच पुस्ता सम्मका दाजुभाइका परिवारहरु एकै स्थानमा भेला भएर कुल देवताको पूजा गरी भोज खाने चलन रहेको छ । पूजाको क्रममा बोकाको बलि दिइन्छ । यो पूजामा विभिन्न अनुष्ठानहरु गरेर करिब चारदेखि पाँचदिनसम्म पनि मनाउने गरिन्छ । यस परम्पराले परिवारलाई केही दिनको लागि भएतापनि संगठित बनाउने गर्दछ । रामायण र महाभारतमा कुलदेवताको उल्लेख पाईन्छ । सूर्यदेवतालाई भगवान् राम र चन्द्रदेवतालाई भगवान् कृष्णको कुलदेवता मानिन्छ (२०१४, पृ.४०) । यसबाट कुलपूजा प्राचिन परम्परा रहेको स्पष्ट हुन्छ । यसले शोधकर्तालाई दिगुपूजाको महत्व र बोकाबलि बारेमा ज्ञान भयो ।

Mistery of Mundeshwari temple नामको एक वृत्तचित्र अनुसार भारतमा सर्वप्राचिन मुण्डेश्वरी मन्दिर समुद्रीसतहबाट ६०८ फिट उचाइमा रहेको छ । यो मन्दिर संसारकै प्राचिन मन्दिरहरूमध्ये एक मानिन्छ । उक्त मन्दिर उदयसेन नामको क्षेत्रपतिका शाषणकालमा बनेको तथ्य परिसरमा रहेको सन् ३४९ - ६३६ शिलालेखमा उल्लेख गरिएको छ । अष्टाकोणाकार मन्दिरको गर्भगृहमा पंचमुखी शिवलिङ्ग र यस संगै मुण्डेश्वरीको प्रतिमा रहेको छ । यस मन्दिरमा श्रावण, दशैंको नवरात्र र रामनवमीका दिन विशेष मेला लाग्ने गर्दछ । मार्कण्डेय पुराणका अनुसार यस स्थानमा भगवतीले मुंड नामको असुरको बध गरेका थिए । त्यसैले यस स्थानको नाम मुण्डेश्वरी रहन गएको मानिन्छ । यस मन्दिरमा अनौठो किसिमले बाखा बलि दिईन्छ । जसअनुसार बाखालाई देवीको अघि राखेर चामलले छर्कने बित्तिकै ब्राखा केही सेकेन्डको लागि बेहोस हुन्छ । पुनःचामल फ्याँकेपछि बाखा होसमा आउने गर्दछ भन्ने विश्वास गरिन्छ । यसरी क्षणिक बलि दिएर पुनः जीवमा प्राण स्थापित गर्ने रक्तहिन बलि प्रथा यस मन्दिरको प्रमुख बिशेषता रहेको छ । ईश्वीको १०८ देखि 'तां डुलम भोग' वा 'चामलको भोग' चढाउने गरेको यस मन्दिरको बारेमा कनिंघमले पनि आफ्नो पुस्तकमा चर्चा गरेका छन् । यसले शोधकर्तालाई बोका बलिको विधिको बारेमा जानकारी प्राप्त भए ।

## मुख्य प्राप्ति

## भूमिका

मानव सभ्यताको सुरुवातताका मानव चरित्र घुमन्ते प्रबृत्तिको थियो । आफ्नो जीवन धान्नका लागि मानिसहरु एक स्थानबाट विभिन्न ठाउँमा गएर थोरै समय बसेर फेरि अर्को स्थानमा जाने गर्दथ्यो । कालान्तरमा मानिसहरु आफ्नो समूह बनाई एकै ठाउँमा बस्न थाले । त्यही युगमा पशुपालनको पनि विकास भयो । पशुपालनको युगपछि मात्र मानिसहरूले जमिनमा खेतिपाती गर्न लागेका छन् । यही समय पशुपालनमा आश्रित गोपालहरु उपत्यका आएका हुन् भन्ने भनाइमा अधिकांश इतिहासकारहरु एकमत छन् (नेवाल नेपाल, वि.सं २०८१) । महाचीनवाट नेपाल आएको मञ्जुश्रीले चोभारको डाँडोलाई खड्गले काटी उपत्यकाको पानी निकाशा गरेपछि उपत्यका बस्न योग्य भएको कुरा बौद्ध धर्मग्रन्थमा उल्लेख गरिएको पाईन्छ । वर्तमानमा आएर लामो समय पानी बहावका कारण चट्टान खिइएर उपत्यकामा जमेको पानी क्रमशः बाहिरिएको तर्क बाहिर आएको छ (नेवाल नेपाल, २०८१) । यसप्रकार उपत्यकाको अनुकुल प्राकृतिक पर्यावरणले गर्दा मानिसहरु यहाँ स्थायी रूपमा बस्न थालेको देखिन्छ ।

नेपालको नामकरण ने र पाल दुई शब्दबाट भएको छ । तिब्बती भाषामा ने को अर्थ ऊन र पालको अर्थ घर अर्थात् ऊनको घर हुन्छ । पशुपालनको कारण नेपालमा अत्याधिक मात्रामा ऊनको उत्पादन हुने हुँदा यसैबाट नेपालको नाम रहन गएको बंशाबलीमा वर्णन पाईन्छ (खतिवडा, २०८१) । यसैगरी नेपालको नामकरणसँग प्रत्यक्ष सरोकार राख्ने गोपालवंशका पहिलो राजा भुक्तमान पनि गाईपालक पशुपतिमा गाई चराउँथे । बहुह्नी नाम गरेको गाईले घरमा दुध नदिई मृगस्थलीको एउटा ढिस्कामा आफै दुध चुहाउँदो रहेछ । ने नाम गरेको ऋषिले खोजी गरेर हेर्दा त्यहाँ ज्योतिर्लिङ्ग फेला पऱ्यो । यसरी भुक्तमानलाई पहिलो राजा बनाइदिए भन्ने कथन रहेको छ (खतिवडा, २०८१)।

साँढे वा वृषलाई शिवको वाहन मानिन्छ । भारतीय शकशासक र लिच्छविकालका वृषमुद्रा र साँढे भएका पशुपति मुद्राहरु शिवोपासनाका उदाहरण हुन् (खनाल, २०७४, पृ.१३२) । नन्दी गर्मीमा सर्दी, घाम, पानीदेखि अन्य प्रकारका दुःख कष्टलाई सहज रूपमा सहन सक्ने गुण हुन्छ । विकट र चिसो जस्तोसुकै स्थानमा पनि बाँच्न र खट्न सक्दछ । नन्दीलाई कृषिको प्रतीक मानिन्छ । नेपालका विभिन्न स्थानहरूमा साँढे जुधाएर मनोरञ्जन लिने चलन प्राचिनकालदेखि केही दशक अगाडिसम्म प्रचलित थियो । स्पेनमा साँढे जुधाईलाई राष्ट्रिय खेल नै मानिन्छ (ढकाल, २०७६, पृ.२५२-२५७) ।

भक्तपुर नगरमा पनि विगत केही दशकअघि सम्म साँढे र भेडाहरु जुधाएर मनोरञ्जन लिने चलन थियो । मानिसहरु केही बाजी राखेर पक्ष, विपक्ष भएर नै सर सर सर...भन्दै खेलका रूपमा जुधाउने गर्दथे । भक्तपुरको सुकुलढोका विगत ३०, ४० वर्षअघिको एउटा साँढे काशीबाट आएको भनिन्थ्यो र उक्त साँढे सोझो थियो र त्यसलाई सबैले माया गर्दथे । एकसमय साँढे जुधाइ गर्दा हुत्तिएर नजिकको इनारमा खसको र तिनलाई तत्काल दमकलले इनारमा पानी भरेर उद्धार गरेका थिए (अन्तर्वार्ताः महेन्द्रगोपाल कर्माचार्य, वि.सं. २०८१ फागुन १९) ।

करिब चार हजार वर्षअघि नेपाल भित्रिएका नेवाः समुदाय प्रकृतिका उपासक हुन् (श्रेष्ठ, २०८१, पृ. १६२-१६३) । नेवाःहरु मुख्य कुलपूजालाई दिगुपूजा भनेर चिनिन्छ, जसमा कुनै मूर्ति हुँदैन तर नगर बाहिर रहेको नदी, पोखरी र जंगलमा रहेको सामान्य शिलालाई कुलदेवता मानेर पूजा गरिन्छ । यो पूजा सितिनखः (कुमार षष्ठी)

वा वर्षायामभन्दा अघिसम्म हुन्छ । पूजा गर्नुअघि त्यसको वरिपरि सरसफाई गरिन्छ । करिब दिनभरी लगाएर सोही स्थानमा पूजागरी भोज गर्ने परम्परा छ (श्रेष्ठ, २०८१, पृ. १६२-१६३) ।

नेवाः भाषामा खाः को अर्थ कुखुरा, फाँको अर्थ संगुर र ग को अर्थ स्थान भन्ने हुन्छ । यसरी कुखुरा बस्ने स्थानलाई खांगः, सुंगुर बस्ने स्थानलाई फांगः भनेर सम्बोधन गरिन्छ । यसैगरी देवता बस्ने स्थानलाई देगः भनिन्छ । यस अर्थमा दिगुपूजा नितान्त प्रकृति पूजा हो भन्ने बुझिन्छ (श्रेष्ठ, २०८१, पृ. १६२-१६३) । हाल यो शब्दको अप्रभंश भएर दुगुपूजा भन्न थालिएको देखिन्छ । दिगुपूजामा बोकाको बलि दिने चलन छ । बोकालाई नेवाः भाषामा दुगु भनिन्छ । नेवाः शब्दकोषमा दुगु भन्नाले पालिएका सानो पशु वा बोका भन्ने अर्थ हुन्छ (मालि, २०६६,पृ.२९५) । यसरी बोका बलि लिएर प्रकृतिपूजा गरिनुलाई नै नेवाहरूको कुल पूजा मानिन्छ । माथि उल्लेखित व्याख्याहरूबाट उपत्यकामा प्राचिनकालदेखि नै नेवार समुदायको अस्तित्व रहेको र ती मानिसहरु पशुपालन र कृषिकर्म गरेर आफ्नो जीवन निर्वाह गर्ने तथ्य प्रकाश पार्दछ । साथै नेवारहरूको बस्ती भएको स्थानमा भैरव स्थापना गरिएको पाइन्छ।

## भैरव

काठमाडौं उपत्यकालाई तान्त्रिक शहर मानिन्छ (पौडेल, २०२५) । तन्त्रको प्रमुख देवता भैरब मानिएका छन् । यसैगरी भैरवलाई नेवाः भाषामा भैलः द्यः भनेर सम्बोधन गरिन्छ । मालि (पृ.४४३) ले भैरवलाई रिसाहा देवताको रूपमा उल्लेख गरेका छन् । भैरव एक शिवको रूप हो भनेर पनि उल्लेख गरिएको देखिन्छ । शिवलाई रूद्री पूजा गरिन्छ तर त्यसको अघि रहेको भैरवलाई बलि दिएर पूजा गरिने उल्लेख छ । भैरव परम्पराको इतिहास शिवसँगै शुरू भएको मानिन्छ (पौडेल, २०२५) । चतुर्मुखी शिवलिङ्गमा दक्षिण मुहार भैरवको मानिन्छ । पशुपतिमा बलि दिइएको पशुको रगतलाई काँचो धागोले छुवाएर पशुपतिको दक्षिण मुखमा छुवाउने परम्परा रहेको छ । भैरवको कार्य अनुसार तिनको रूप, रंग, आयुद्य फरक फरक रहेको मान्यता छ । भारतको बनारसलाई भैरवको शहर भनिन्छ (अन्तर्वार्ताः विणा पौडेल, वि.सं. २०८०) ।

नेवार समुदायमा भैरवलाई रक्षक देवताकोरूपमा लिने चलन रहेको छ । तिनको पूजा उपासना तान्त्रिक विधिबाट गरिन्छ । यस क्रममा राँगो, कुखुरा, हाँस, भेडा र बोकाको बलि दिने परम्परा रहेको छ । कतिपय भक्तजनहरूले जीवको हिंसा नगरी मन्दिरमा पूजा गरेर पशुहरूलाई छोड्ने वा चढाउने परम्परा रहेको छ । यसरी चढाइएका पशुहरूलाई सम्बन्धित देवताको नामबाट नै बोलाइन्छ । जस्तै भक्तपुरको भैरवनाथलाई चढाउन ल्याइएको बोकालाई भैलदुगु, बालकुमारीलाई चढाइएको बोकालाई बालकुमारी दुगुभनेर सम्बोधन गरिन्छ (अन्तर्वार्ताः धनकेशरी साही, वि.सं. २०८० माघ १३) ।

## १. भैलदुगु र तिनका बिशेषताहरू

तौमढीटोलको भैरवका लागि भने आजभन्दा करिब ४५ वर्षअघि चढाइएका एउटा बोका लोकजीवनमा निकै प्रख्यात थियो । उक्त बोका मोटो, हलक्क बढेको तथा भैरवजस्तै डरलाग्दो थियो । हेर्दा बोकामा भैरवकै प्रवेश भएजस्तो भान हुन्थ्यो (अन्तर्वार्ताः महेन्द्रगोपाल कर्माचार्य, वि.सं. २०८१ फागुन १९) । नागाका अनुसार भैलदुगु कतैवाट मानिसहरूले चढाउन ल्याएका थिए । चढाइएका बोका तथा कुखुराहरु मन्दिर परिसरमै नै बस्तथे । यिनीहरु मन्दिरका कर्मचारी, पुजारी तथा भक्तहरूले दिएको खानेकुरा खान्थे । साथै छोड्न ल्याएका पशुहरूबाट अन्य सन्तान उत्पादन भएमा तिनलाई पनि मन्दिरमै छोड्ने चलन रहेकोछ । यसैको प्रतीकस्वरूप भैरवलाई जिउँदै बोका अर्पण गर्ने चलेको मानिन्छ । यसरी चढाउन ल्याएका पशुहरूलाई भोकै राख्नु हुँदैन भन्ने मान्यता पाइन्छ । तिनीहरूको घाँटीमा घण्ट वा पेटीले बाँधिएको हुन्छ । यसरी छोडिएका पशुहरूले कुनै उपद्रो गरेतापनि देवताकै सन्ततीको रूपमा सकारात्मक रूपमा लिने चलन छ । भैलदुगु सामान्यतया देवस्थलमा चढाइने गरिन्छ । तिनको शरीरमा कुनै चोट लागेको, अपाङ्गता भएको हुनु हुदैंनभन्ने मान्यता छ (अन्तर्वार्ताः गंगा/जमुना, वि.सं. २०८१ पौष ०३) । बैज्ञानिक अध्ययनबाट बोकाको मासुमा रक्तचाप घटाउने, तौल घटाउने, मुटुरोग तथा हृदयघाटबात बचाउने र हड्डीलाई मजबुत बनाउने जस्ता अनगिन्ति फाईदाहरु रहेको हुन्छ ।

### १.१ भैलदुगु छोड्नाका कारणहरू

साकाहारी समूहः सात्विक र तामसिक पूजा अनुष्ठान गर्ने विधिमा भिन्नता पाइन्छ । तामसिक पूजामा पशुबलि अनिवार्य मानिन्छ । कतिपय भक्तजनहरु यज्ञमा विश्वास गर्ने र बलि दिने साथै भोजनमा माछा, मासुको सेवन गर्ने हुन्छन् । यसै गरी साकाहारी भोजन गर्ने र पंञ्चामृतको प्रयोग गरेर पूजा गर्ने मानिसहरु पनि छन् । उनीहरु दैनिक भोजन पनि शुद्ध साकाहारी गर्ने गर्दछन् । यस्तो अवस्थामा देवस्थलमा पशुपन्छिको बलि नदिइ तिनीहरूलाई पूजा गरेर स्वतन्त्र रूपमा छोडिदिने परम्परा पाइन्छ । तान्त्रिक पूजा पश्चात् बलि दिइएका पशुको मासु प्रसादको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ तसर्थ सात्विक भोजन गर्नेले पशुलाई मन्दिरमा छोड्नु नै उत्तम मानिन्छ (अन्तर्वार्ताः लोकनाथ दुलाल, वि.सं. २०८१ चैत्र २०) । चाँगुनारायण मन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्यायका भनाईमा एकजना भक्तजनले बलिको लागि ल्याइएको बोका मन्दिर परिसरबाट भागेर गए । भोलिपल्ट उक्त बोका मन्दिरको ढोकाअघि मृत अवस्थामा पाइयो । तत्पश्चात त्यस भक्तजनको परिवारले बलि चढाउन छोडे र स-परिवार नै साकाहार भए (अन्तर्वार्ताः चक्रधरानन्द राजोपाध्याय, वि.सं. २०८१ बैशाख १५) । भक्तपुरका भेलुखेल निवासी तुल्सीमाया चवालको परिवारले पनि भीमसेन मन्दिरमा चढाइएको बोका भोलिपल्ट घरअगाडि मृत अवस्थामा पाइएको स्मरण गर्दछन् । गःपलि निवासी दैवज्ञ जोशीको भनाईमा पूजा प्रक्रियामा बिघ्न भएमा यस्तो हुने बताउँछन् ।

पर्साउनेः हिन्दू धर्ममा पशुबलिसहितको पूजा गर्ने समयमा पशुहरूलाई विधिवत रूपमा पूजा गरेर पर्साउने परम्परा रहेको छ । यसरी बलि दिएमा यस्तो पशुहरूले मुक्ति पाउने विश्वास गरिन्छ । पशुलाई पर्सिएपछि निकै लामो समयसम्म पनि जीउ चलाएन भने त्यसको बिकल्पमा अरू नै पशुको व्यवस्था गर्ने परम्परा छ । यस्तो अवस्थामा पहिले ल्याएको पशुलाई चाहि मन्दिरमै छोड्ने चलन

पाईन्छ । काठमाडौंमा रहेको जयबागेश्वरी मन्दिरका पुजारी हंशराज कर्माचार्यको भनाईमा यस मन्दिरमा बलिका लागि ल्याइएका बोका पाँच घण्टासम्म नपर्सिनाले बोकालाई मन्दिरमै छोडेर गएका थिए । उपत्यकाका नेवार बाहेक अन्य समुदायका मानिसहरूले पनि यो विधानलाई अनुकरण गरेको देखिन्छ । सोहि अनुसार धामी बस्ने बेलामा झांक्रिले कोठामा बसेर मन्त्र उच्चारण गर्दै कुखुरालाई पूजा गर्ने, अक्षेताले छर्कने गर्दछन् । यस क्रममा यदि कुखुरा कोठाबाट बाहिर निस्कियो भने उक्त कुखुरालाई बलि दिईन्छ । अन्यथा कुखुरालाई देवस्थलमा नै छोडिन्छ (अन्तर्वार्ताः लोकनाथ दुलाल, वि.सं. २०८१ चैत्र २०) ।

शारीरिक शुद्धताः बलिका लागि ल्याइएका पशुपन्छिहरूको शारिरीक अपाङ्गता भएको हुन नहुने मान्यता छ । त्यस्ता पशुमा कुनै खोट भएमा सो पशु चढाउनको लागि योग्य मानिदैंन । त्यस्तो पशुहरूलाई मन्दिरमै छोडिन्छ । किनभने त्यस्ता पशुको रगत अरूले नै भोग गरिसक्यो भन्ने विश्वास गरिन्छ । यसको विकल्पमा अन्य पशुको व्यवस्था गर्न आवश्यक मानिन्छ । नेपालको गढिमाई मेलामा चढाउन ल्याइएका पशुलाई कानमा सानो घाउ बनाइदिएर, घाँटीमा घण्ट झुण्ड्याएर छोड्ने परम्परा छ (अन्तर्वार्ताः राजाराम नापित, वि.सं २०८१ फागुन २२) ।

## १.२ बोका छोडिएका मन्दिर तथा देवस्थल

महाकाली पीठः भक्तपुरको अष्टमातृका पीठहरूमध्ये महाकालीको पीठ निकै प्रख्यात छ । यस पीठमा विविध समयमा भक्तजनहरूले बोका, बाखा र कुखुरा चढाउन ल्याउने परम्परा रहेको छ । अधिकांश भक्तजनहरूले मन्दिरमा पशुहरु छोड्ने एक दिन अघि त्यहाँको कर्मचारीसँग अनुमति लिने गर्छन् । त्यसपछि पशुलाई विधिवत रूपमा पूजा गरेर घाँटीमा घण्ट झुण्ड्याएर छाडिन्छ (चित्र नं.२) । यसरी चढाइएका पशुहरूमध्ये हाल मन्दिरमा ४ ओटा कुखुरा र २ ओटा बोका देख्न सकिन्छ (प्रत्यक्ष अवलोकन) । ती पशुहरूको हेरचाह गर्ने कार्य मन्दिर परिसरमै बसोबास गर्दै आएका राजन बजिक्व र उनका परिवारले गर्दै आएका छन् । मन्दिरमा पशुहरु छोडेमा फोहरमैला गर्ने हुँदासँगै रहेको जंगलमा छाड्ने र रातको समयमा मात्र खोरमा थुन्ने गरिन्छ । यदि ती पशुहरूको मृत्यु भएमा तिनलाई सोही जंगलमा लगेर गाड्ने परम्परा छ (अन्तर्वार्ताः राजन बजिक्व, वि.सं २०८१, माघ १४) ।

तचपाल भीमसेनः नेपाली परम्परामा भीमसेनलाई भैरव र द्रौपतीलाई भैरवी मानेर पूजा उपासना गर्ने चलन रहेको छ । भैरवलाई कामकलाका ईश्वर र भैरवीलाई रतिशिल्पकी ईश्वरी भनिन्छ । बसन्त ऋतुको माहोलमा होली पूर्णिमाको चीरोत्थानदेखि भक्तपुरको भीमसेन मन्दिरमा लिङ्ग र योनीको समागम गर्ने गराइन्छ (नेपाली सर्वन्यायम तन्त्र, वि.सं. २०८१) । यस परम्परालाई स्थानिय भाषामा चिर स्वायगु भनिन्छ । तचपालस्थित भीमसेन मन्दिरलाई पाँच पाण्डब मध्येको एक मानिन्छ । पाँच भीमसेन दर्शन यात्राको पर्चामा फर्पिङ भीमसेन, पाटन भीमसेन, काठमाडौं भीमसेन, भक्तपुर भीमसेन र टोखा भीमसेनलाई पाँच दाजुभाई मान्ने चलन रहेको छ । भक्तपुरको भीमसेन दत्तात्रय मन्दिरको ठिक अगाडि रहेको छ । दुई तल्लाको प्यागोडा शैलीको यस मन्दिरमा करिब ३ फिट अग्लो भीमसेनको धातुको प्रतिमा रहेको छ । प्रतिमाको करिब २ फिटको दुरीमा दाँया काली र बाँया कुमारीको चाँदीको मूर्ति राखिएको देखिन्छ । भीमसेन मूर्तिको दाँया भागमा गणेशको मूर्ति राखिएको छ । मन्दिरमा भक्तजनहरु कुखुरा र बोका बलि दिएर पुजा गर्ने गर्दछन् (प्रत्यक्ष अवलोकनः वि.सं २०८० माघ १३) ।

योमरी पूर्णिमाको दिन नाशमनाबाट बोका र बाजा बजाएर भीमसेन र द्रौपतीलाई लिन आउने परम्परा राखीएको छ । केशरी कपालीका अनुसार दत्तात्रयस्थित भीमसेनको मन्दिरमा भीमसेन र द्रौपतीको आलिङ्गन मुद्राको सानो मूर्ति रहेको छ । उक्त मूर्तिलाई नासमना टोलका मानिसहरूले आफ्नो स्थानमा एक रात राखेर भोलिपल्ट बाजासहित पुनः देवघरमा नै फर्काउने परम्परा रहेको छ । भीमसेन मन्दिरमा ल्याइएको बोकालाई मन्दिर परिसरमै बलि दिने गरिन्छ । त्यहाँ रहेका पुजारीका भनाईमा तचपाल भीमसेन मन्दिरमा विगतमा धेरै संख्यामा बोका र कुखुराहरु चढाउने वा बलि दिन ल्याउने गरिन्थ्यो । यसरी चढाइएका बोकाहरूको मृत्यु भएमा टोलका समितिका मानिसहरु सम्मानका साथ खोलामा फाल्न लाने गर्दथे । मरेको बोकालाई टोलबासीहरु मिलेर भुस्या बाजा बजाएर,जङ्को खःचा (देवरथारोहण गर्ने सानो खट) मा राखेर लैजाने परम्परा थियो (अन्तर्वार्ताः केशरी कपाली, वि.सं. २०८१ फागुन १२ गते ) ।

भक्तपुर नगरको चार नगरपालिकामध्ये मध्यपुर थिमी नगरपालिकाको बालकुमारी मन्दिरमा भक्तजनहरूले जोडी बोका, बाखा र कुखुराहरु चढाउने परम्परा छ । यसरी चढाइएका बोकालाई बालकुमारी दुगु भनेर सम्बोधन गरिन्छ (अन्तर्वार्ताः धनकेशरी साहि, वि.सं. २०८० माघ १३) । मन्दिर परिसरमा हाल दुई ओटा कालो बोका र एक ओटा खैरो बोका घुम्दै गरेको देख्न सकिन्छ । धनकेशरी साहीका भनाइमा खैरो बोकाको आमालाई बालकोटका स्थानीयले चढाउन ल्याएका थिए । उक्त बोकाले एक पटकमा ३/३ ओटाको दरले ९, १० ओटा पाठा, पाठीहरु जन्माइसके । यसमध्ये हाल एउटा खैरो बोका र एउटा कालो बोका तिनकै बंशज हुन् । अरू सबै चोरी भैसकेका छन् । खैरो बोकाको उमेर करिब १० वर्ष भैसक्यो (चित्र नं. १) । कालो बोकाको घाँटीमा घण्ट झुण्डाइएका छन् । तिनीहरु दिनभरी मन्दिरको वरिपरि चउरमा गएर घाँसपात खाएर साँझ परेपछि मन्दिरको पाटीमा नै फर्कन्छन् । ती बोकाहरूलाई स्थानीय सबैले माया गर्दछन् । खैरो बोकाको धुँडामा चोट लाग्नाले राम्रोसँग हिडडुल गर्न सक्दैन । गोडा खुम्च्याएर हिड्ने र बेला बेलामा थुचुक्क बसेर खानेकुरा खाने गर्दछ (प्रत्येक्ष अवलोकन) । त्यसलाई बालकुमारीका एक स्थानियले नै समय समयमा नङ काटिदिने र डाक्टर बोलाएर ल्याई आवश्यक औषधी उपचार गर्ने गरेका छन् । उपचार गर्ने र नङहरु सफा गर्ने समय डोरीले बोकाको घाँटी बाँधेर समाउने गरिन्छ । स्थानीय महिलाका अनुसार विगतमा मन्दिरमा धेरै बोकाहरु थिए । हाल तिनीहरु सबै चोरी भैसकेका छन् । यदि यसो नभए यहाँ राख्ने ठाउँको अभाव हुने देखिन्छ ।

## १.३ उपचार पद्धति

मन्दिरमा चढाएका पशुहरु भगवान्कै सन्तती रहेको विश्वास गरिन्छ ।

तसर्थ तिनीहरूले जस्तोसुकै दुःख दिएतापनि सबैले तिनीहरूलाई माया गर्ने गर्दछन् । यसरी चढाइएका बोकाहरु बिमारी भएमा मन्दिरका कर्मचारी, पुजारी र टोलका मानिसहरु मिलेर तिनीहरूको उपचार गर्ने गर्दछन् । यसका साथै टोलका पशु चिकित्सक आएर निशुल्क रूपमा तिनको उपचार गरिदिने गर्दछन् (अन्तर्वार्ताः तुल्सीमाया चवाल, वि.सं २०८१ फागुन ७) । कतिपय अवस्थामा पशुहरु स्वयम्ले नै पर्यावरणमा भएका बत्ति, घाँसपात, धुवाँहरूसुघ्ने आदि गरेर रोग तथा किटाणुहरूको संक्रमणबाट बच्च खोजेको देखिन्छ ।

## २. भैलदुगुको मृत्यु संस्कार

देवीदेवतालाई चढाइएका बोकाहरूलाई काटमार गर्न र तिनको मासु खान हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । चढाइएका बोकाहरूको मृत्यु भएमा तिनीहरूलाई नजिकैको जंगलमा लगेर गाड्ने, खोलामा बगाउने वा दागबत्ति दिएर पनि अन्त्यष्टि संस्कार गरिदिने परम्परा छ । भक्तपुरमा यस्तो एउटा भैलदुगुको मृत्युमा मानिस मर्दा गरिने विधि क्रियाकलापमा जस्तै विशेष प्रकारले दाहसंस्कार गरिएको इतिहास पाइन्छ । सो क्रममा भक्तपुरका भैरवनाथ मन्दिरमा चढाइएको एउटा भैलदुगुको अन्तिम संस्कार गर्दा कुटः (लाश बोक्ने विशेष किसिमको वस्तु)मा राखेर लगेको उल्लेख पाइन्छ । नागाका भनाइमा लाशसंगै धां बाजा, धिमे बाजा र नायखिं बाजा पनि बजाइएको थियो । स्थानिय बयोबृद्धहरु गंङ्गा जमुनाका अनुसार त्यस दुगुको लाशलाई कुटमा राखेर काँचो धागोले बाँधेको थियो । उक्त कुटलाई चारजना व्यक्तिहरूले बोकर लगेको स्मरण गर्दछन् । त्यसबेला भक्तपुरका अधिकाशं मानिसहरु मलामी गए । गःपली निवासी स्थानिय राम नागाका अनुसार यो घटना करिब वि.सं २०२२/२३ तिरको हो । जुनबेला एउटा बोकाको मूल्य रूपैंया ३२५ लिइन्थ्यो । सो समय बोकाको मासु भागको रूपैया १० मा बेच्ने चलन थियो (अन्तर्वार्ताः राम नागा, वि.सं २०८० माघ ३) । जोशीको भनाइमा देशको सुरक्षा तथा शान्तिको कामनासहित बोकाको विधिवत रूपमा अन्त्योष्टि संस्कार गरिन्छ । उक्त बोकाको लाशलाई भक्तपुरको चुपिंघाटमा हनुमानको मूर्ति अघि दागबत्ती दिएर त्यसको अन्तिम संस्कार गरिएको थियो । दागबत्ती ङा ङा चा भनेर चिनिने एक आचाजु (कर्माचार्य)ले दिएका थिए । तिनलाई बोकाको मरण भएकोले दागबत्ती दिने व्यक्तिलाई अरूले 'मेरो बाजे, भैलदुगु' भन्दै रूनु भनेर जिस्काएको स्मरण गर्दछन् (अन्तर्वार्ताः तुल्सीमाया चवाल, वि.सं. २०८१ पौष ३ गते) । यसबाट पशु र मानिसबिच आत्मिय सम्बन्ध रहेको देखिन्छ ।

भक्तपुर नगरका भैरव मन्दिरका नाईके लक्ष्मीभक्त घेमोसुकाअनुसार यसरी मन्दिरमा चढाइएका बोकाहरु मरेमा तिनको लाश खोलामा फाल्ने परम्परा छ । यसरी खोलामा फाल्ने गर्नाले नदीमा भएका जलचरहरूले खान पाउँदछन् र सिनो गन्हाउने समस्याबाट छुट्कारा पाइन्छ । यसबाट पर्यावरण पनि स्वच्छ रहने मान्यता छ ।

भक्तपुरको तलेजु भवानी पीठमा एउटा सेतो घोडा पालिएको छ । त्यस घोडालाई तलेजु भवानीको बाहन भनिन्छ । सो घोडालाई वर्षको एक पटक दशैको दशमीका दिन 'पायो न्ह्याके' (खड्गसहितको यात्रा) गर्ने जात्रामा मात्र भवानी पीठतलेजु परिसरबाट बाहिर ल्याउने परम्परा रहेको छ । वि.सं. २०७२ को दशमी चाडको लगतै भक्तपुरको तलेजु भवानी पीठको सेतो घोडाको मत्यु भएको थियो । घोडाको मृत्युपश्चात् अन्तिम संस्कार गर्दा भवानी पीठकै परिसरमा माटो खनेर पुरिएको थियो । यस क्रममा घोडाको लाशलाई विधिवत रूपमा पूजा गरेर लाशमाथि केही मात्रामा नुन राखेर गाडिएको थियो । यसपछि कृष्णगोपाल प्याथनामका व्यक्तिले तलेजुभवानीको लागि नयाँ घोडा चढाएको थियो । उक्त घोडा बाजासहित तलेजु भित्र्याएका थिए (अन्तर्वार्ताः देवेन्द्र प्रजापति, वि.सं २०८१ चैत्र २०) । वि.सं २०७२ सालको फाल्गुन महिनामा काठमाडौँ वसन्तपुरको तलेजुको घोडा मर्दा त्यसको अन्त्यष्टि संस्कार विधिपूर्वक शोभा भगवतीमा गरिएको थियो । तत्पश्चात नेपाली सेनाको एउटा घोडा तलेजुलाई चढाइएको पनि उदाहरण छ (अन्तर्वार्ताः सोमप्रसाद खतिवडा, वि.सं २०८१ बैशाख १६) । त्यसैगरी चित्लाङको एउटा जात्रामा हरेक वर्ष बोकाको टाउकोहरु मन्दिर परिसरमा खाल्टो खनेर पुर्ने गरिन्छ तर पछिल्लो वर्ष सोही स्थानमा खनेर हेर्दा केही पनि नपाइने जनविश्वास रहेको छ ।

## ३. भैलदुगुबाट समाजमा परेका प्रभाव

### ३.१ व्यक्तिगत प्रभाव

चढाउन ल्याइएका भैलदुगुहरु मन्दिर परिसरमै बस्ने गर्दछन् । यसरी चढाउन ल्याइएका बोकाहरूको चोरी गरेमा चोरी गर्ने व्यक्तिको अनिष्ट हुने विश्वास गरिन्छ । बालकोटका एक स्थानियले यसरी बालकुमारी मन्दिरमा चढाइएका बोका चोरी गर्दा तिनको हरेक पुस्तामा सन्तानको वियोग खप्नुपरेको स्थानीय कृष्णलाल थिमी बताउँदछन् । यो घटनापछि तिनीहरूले बालकुमारीलाई ३, ४ वटा बोका चढाउन ल्याए । तर पनि निकै समयसम्म पारिवारिक बियोगको घटना खप्नुपरेको स्थानिय मानिसहरु उल्लेख गर्दछन् । यसैगरी एक समय मन्दिरमा छोडिएका बोकाले हानेर एक बृद्ध घाइते भएका थिए । यस तथ्यबाट धार्मिक अनुष्ठानमा प्रयोग गरिने पशुहरूलाई हानी नोक्सानी गरेका व्यक्तिको सामाजिक तथा पारिवारिक मर्यादा भङ्ग हुने सन्देश दिन खोजेको पाइन्छ ।

### ३.२ पर्यावरणीय प्रभाव

मन्दिरका कर्मचारीहरु मन्दिरको पूजापाठ र सरसफाइमा व्यस्त हुन्छन् । चढाउन ल्याइएको सबै पशुहरूलाई राख्ने अलग्गै स्थानको व्यवस्था भएको पाइएको छैन् । मन्दिरमा छोडिएका पशुले बच्चा पाउँदा तिनका पाठा, पाठीहरूलाई पनि मन्दिरमै राखिन्छ । यसले पशुहरूको संख्या बढ्ने हुन्छ र मन्दिरमा फोहर हुने गर्दछ । चढाइएका पशुहरूले मन्दिरमा फोहर गर्ने हुँदा तिनीहरूलाई रातको समय खोरमा र दिउँसो मन्दिर परिसर वा पाटीका बाँधेर राख्ने पनि चलन छ । भक्तपुरको महाकाली पीठ र भेलुखेलको भीमसेन मन्दिरमा यो कार्य प्रत्यक्ष रूपमा देख्न सकिन्छ । महाकाली पीठमा पशु छोड्नै परेमा नजिकैको जङ्गलमा लगेर छोडिन्छ । यसैगरी नालाको उग्रचण्डी मन्दिर र बनेपाको चण्डेश्वरी मन्दिरमा बोकालाई पाटीमा बाँधेर राखेको देखिन्छ । तचपाल भीमसेन मन्दिरका पुजारी केशरी कपालीका भनाइमा यसरी चढाइएका बोकाहरु चोरी हुने हुँदा

देवताका नाममा पशुपन्छी चढाउनुको बदलामा मन्दिरमा दियो बाल्न तेल चढाउने गरेमा त्यसको सही सदुपयोग हुने गर्दछ । यसैगरी चाँगुनारायण मन्दिर परिसरका स्थानिय गोपाल बाद्यकरका भनाइमा पहिले छिन्नमस्ता मन्दिरमा थुप्रै बोका, कुखुराहरु चढाउन ल्याउने गरिन्थ्यो । चढाइएका पशुहरूको मल मूत्रबाट मन्दिरको वातावरण फोहर भएकाले समितिका मानिसहरूले ती पशुहरूलाई पशुपालन गर्ने व्यक्तिलाई जिम्मा लगाउने गरेको पनि पाइन्छ । यसरी पर्यावरण अनुसार पशुहरूको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । जुन कुरा विगतमा पशु चढाउने व्यक्तिले नै तिनको खानपानको व्यवस्था गर्ने गर्दथ्यो ।

## ३.३ सामाजिक प्रभाव

भक्तपुर नगरको भैरव मन्दिरमा चढाइएका भैलदुगु नगरको माथिल्लो भागको ब्रह्मायणी र तल्लो भागको भार्वाचोको ढोकासम्म पनि पुग्ने गर्दथे । यसबेला स्थानियले धपाउँदै मन्दिरतिर पठाउने गरेको भैरवनाथका नायो लक्ष्मीभक्त घेमोसु भन्दछन् । ती बोकाहरूले पूर्णतया हेरविचार गर्न सम्भव नहुँदा बोकाहरु चढाउन ल्याएको केही समयमा नै चोरी हुने गरेको पाईन्छ । कीर्तिपुर बाघभैरवका स्थानियका भनाइमा देवस्थलमा स-साना बोका, भेडा वा बाख्राहरु चढाउन ल्याइयो भने तिनलाई कुकुरले नै टोकेर मार्ने पनि गर्दथे । यसरी समाजका मानिसहरूले मानवीय धर्मको साथै पशुधर्म पनि पालना गरेको बोध गराउँछ । बोकाहरूको उचित हेरचारबाट कुनै समय बलि दिने पशुलाई कुनै परिस्थितिमा माया र सम्मान पनि गरिन्छ भन्ने ज्ञान दिन खोजेको पाइन्छ । हाल मानिसको जीवनशैली र पर्यावरणीय प्रभावले गर्दा चढाइएका पशुहरूप्रतिको हेरचार र खानपानमा ध्यान दिन सकिएको पाइँदैन तसर्थ छोडिएका पशुहरु केही समयमै चोरी हुने वा हराउने गरेको पाइन्छ ।

## निष्कर्ष:

देवी देवतालाई पशुबली दिने परम्परा प्राचीन कालदेखि चलिआएको मानिन्छ । अद्यपि पशुपति क्षेत्र वरिपरी गौशाला, गौचरण आदिको अस्तित्व देखिनु, पशुपतिनाथका नाममा गाई दान गर्ने परम्पराले पनि देवी देवतालाई पशु चढाउने परम्परा प्राचिन मान्न सकिन्छ । यसलाई प्राचीन कालदेखि पशु र देवी देवता बीच सम्बन्ध रहिआएको प्रमाणका रूपमा लिन सकिन्छ । लिच्छविकालमा भाग कर, भोग कर, मल्ल कर, मल्लयुद्ध कर, चैल कर र सिंकरजस्ता विभिन्न करहरूको व्यवस्था पाइन्छ । जसमध्ये भोगकर पशुपालनमा लाग्ने कर तथा भाग कर कृषिमा लाग्ने कर थियो । यस तथ्यबाट गोपाल, महिषपाल, लिच्छवि कालदेखि वर्तमान समयसम्म पनि नेपालीहरूको प्रमुख पेशा कृषि तथा पशुपालन रहेको पुष्टि हुन्छ । मानिसले आफूलाई मनपर्ने चिजवस्तु देवीदेवतालाई चढाउने क्रममा वा तान्त्रिक पूजाको प्रभावसँगै यो परम्पराको विकास भएको देखिन्छ । बिशेष गरी काठमाडौं उपत्यकामा भैरवका लागि अन्यपशु नभएर बोका नै छाड्ने चलन सांस्कृतिक पर्यावरणका कारण नै चलेको देखिन्छ । साथै भैरब निकै उग्र प्रबृत्तिको हुँदा बोकालाई कामुकताको प्रतिक स्वरूप बोकालाई प्राथमिकता दिइएको अनुमान गरिन्छ । जहाँ जहाँ नेवारहरु बसोबास गरेका छन् त्यहा भैरव रहेको हुन्छ । भैरवलाई शिवको उग्र रूप मानिन्छ । भीमसेन पनि भैरवकै एक स्वरूप मानिन्छ । नगरको बाहिरी भागमा अष्टमातृका पीठ वरिपरि अष्टभैरब स्थापना गरिएको हुन्छ । साथै भक्तपुर नगरको मध्य भागमा तिन तल्लाको भैरव मन्दिर रहेका छन् । तिनलाई तान्त्रिक विधिबाट पूजा गर्ने परम्परा छ । तान्त्रिक पूजा उपासनाको क्रममा पशुबलि दिने गरिन्छ । सो क्रममा बलि दिन ल्याएका पशुहरु पर्सिएन भने मन्दिर परिसरमै छोड्ने चलन छ । कसैले स्वेच्छाले मन्दिरमा कुखुरा, बोका, परेवा र बाख्राहरु चढाउन ल्याउने गर्दछन् । यसरी भैरव मन्दिरमा चढाइएका बोकालाई भैलदुगु भनिन्छ । तिनको सुरक्षा र खानपानको व्यवस्था स्थानिय र मन्दिरका सम्बन्धित व्यक्तिहरूले नै गर्दछन् ।

मानिस सामाजिक प्राणी भएको नाताले यहाँको पर्यावरण अनुकुलका परम्परा अनुसरण गर्नुपर्ने देखिन्छ । सामान्यतया बाटोमा एक दुई पशुहरूको सिनोले वातावरण नै दुर्गन्धित भएको पाउँछौं । वर्तमान समयमा पनि कतिपय स्थानमा पशुहरूलाई स्वतन्त्र रूपमा छोडिएको पाउछौं । यसरी छोडिएका पशुपन्छिहरूले पनि पर्यावरणीय चुनौतीहरूसँग संघर्ष गरेर बसेका हुन्छन् । तर मन्दिरमा चढाइएका पशुहरूको मृत्यु भएमा विधिवत रूपमा खोलामा लगेर, दागबत्ति दिएर वा जमिनमा गाडेर अन्तिम संस्कार गर्ने गरिन्छ । यसबाट पर्यावरणमा दुर्गन्ध हुनबाट जोगाउनुका साथै मरेका पशुहरूका उचित व्यवस्थापन हुने देखिन्छ ।

वर्तमान समयमा पशुबलि सम्बन्धी सकारात्मक र नकारात्मक दुवै प्रकारका टीका टिप्पणी भइहेको अवस्था छ । यस आलेखबाट मानिसले परिस्थिति अनुसार मानविय धर्म र पशुधर्मलाई समान रूपमा अगाडि बढाएको देखिन्छ । विगतमा पशुहरूको सम्मानजनक मृत्यु संस्कार गरिएबाट पशुबलिलाई मात्र प्राथमिकता नदिई पशुको हकहितको लागि स्वतन्त्र छोड्ने परम्परा रहेको जानकारी पाइन्छ । यसले मानिस र पशुहरूबीचको भावनात्मक सम्बन्ध कतिसम्म गहिरो हुनसक्छ भन्ने पनि देखाउन खोजेको छ । तसर्थ पूजाको नाममा मन्दिरहरूमा पशुहरु अत्याधिक मात्रामा चढाइयो भने यसले पर्यावरणमा नराम्रो प्रभाव पार्दछ । मन्दिरको वातावरणमा फोहरमैला बढ्ने तथा पशुहरु चोरी हुने संभावना हुन्छ । बलि प्रथाले विकृतिबाट बचाउन देवताको लागि नै बलि दिएर वा चढाएर प्रसादको रूपमा तिनको मासु ग्रहण गर्नु निकै सन्देशमूलक देखिन्छ । पशुहरूको उचित व्यवस्थापन गर्न नै भोजनमा माछामासुको प्रयोग भएको देखिन्छ । यसका अलावा चढाइएका पशुहरूको संसर्गबाट जन्मिएको पशुहरु अन्य पशुहरूभन्दा स्वस्थ्यकर रहने मान्यता छ । यस तथ्यबाट मानिसले पर्यावरणमा भएका अन्य हिंस्रक जनावरबाट जोगिन देवी देवताको नाममा अन्य घरपालुवा पशुहरु चढाउने परम्पराको थालनी गरेको अनुमान गर्न सकिन्छ । यसरी मन्दिरमा चढाएका पशुहरूको संरक्षण गर्ने जिम्मेवारी पशु चढाउने व्यक्तिले पनि लिनुपर्ने वा पशुको सत्तामा अन्य जिन्सी सामान चढाएमा पर्यावरणको संरक्षणमा पनि सहयोग पुग्ने देखिन्छ । चढाइएका पशुहरूलाई पशुपालन गर्ने व्यक्तिलाई संरक्षणको जिम्मेवारी दिएर उक्त पशुबाट जन्म भएका पाडापाडी पशुपाल्ने व्यक्तिलाई नै दिएर पनि यो परम्परालाई

निरन्तरता दिन सकिने अनुमान गर्न सकिन्छ । यसरी मानिसले स्थानीय पर्यावरण अनुसार नै सुस्वास्थ्य, सुख र शान्तिको कामना पशुपालन र पशुहरूको व्यवस्थापन सम्बन्धि ज्ञान दिन धर्मको नाममा मन्दिरमा पशुहरु चढाउने गरेका हुन् भन्ने निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसामग्री सूची


खतिवडा, सोमप्रसाद (वि.सं. २०८१), हनुमानढोका दरबार क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाहरु, सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद ।

खतिवडा, लक्ष्मीप्रसाद (वि.सं. २०७९), बहुधार्मिक देश नेपालमा शाक्त सम्प्रदाय, आइएसएन न्यूज ।

खनाल, मोहन (वि.सं. २०७४), नेपाली मूर्तिकला, विद्यार्थी पुस्तक भण्डार ।

जोशी, राजनलाल (वि.सं. २०७९), सगुन संस्कृति र तन्त्र, तन्त्र चर्चा ।

ढकाल, प्रमोद (वि.सं. २०७६), पूर्वीय दर्शनको पुनर्व्याख्या, बिग फ्यामिलि भेन्चर्स् ।

धौबन्जार, गोपाल (२०७९), काठमाडौं उपत्यकाका बस्तीहरु, स्वदेश प्रकाशक ।

पौडेल, विणा (सन् २०२५, फेब्रुअरी २४), तन्त्रका देवता भैरव (भिडियो पोडकास्ट), सम्यक संवाद, https://www.youtube.com/watch?v=5TK27TSZ-m4 .

माली, इन्द्र (२०६६), नेपालभाषा तःखँग्वः धुकु,, क्वालिटी प्रिन्टर्स ।

नेपाली सर्वन्यायम तन्त्र, (वि.सं. २०८१ फागसन २३), भिमसेनको लिङ्ग, फेसबुक पोष्ट ।

राजोपाध्याय, श्रीलोचन (२०८०), इन्द्रचोकको साँस्कृतिक सम्पदाको अध्ययन (The Study of the Cultural Heritages of Indrachok), नेपाली कल्चर, अंक १६, पृ १३४-१३५ः त्रि.वि. संस्कृति केन्द्रीय विभाग ।

उपाध्याय, रामप्रसाद (२०७४), नेपालको प्राचीन र मध्यकालीन इतिहास, प्रकाशकः रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, गोविन्द बोल (वि.सं. २०८१), नेवाल र नेपाल, नेपालभाषा एकेडेमी ।

श्रेष्ठ, पुरुषोत्तमलोचन (वि.सं. २०६९), सुकुलढोका, लुँ विहार र दोलखा भीमसेन ।


Dulal, L. (2019). Bhairavathan and Rot Culture Located in Palpa. Rural Development Journal, 3(1), 84–91. https://doi.org/10.3126/rdj.v3i1.67137

Manandhar, T. (2020). Digu Puja: A ritual to revitalize the family unity among the Newars. Nepalese Culture, 13, 117–126. https://doi.org/10.3126/nc.v13i0.27506


## परिशिष्ठ



*चित्र नं. १ थिमी बालकुमारी मन्दिरमा चढाइएका बोकाहरू*



*चित्र नं. ३ बनेपाको चण्डेश्वरी मन्दिरमा चढाइएका बोका र बत्तिको राप सेक्दै गरेका बोका*



*चित्र नं. २ भक्तपुरको महाकाली पीठमा चढाइएका बोका तथा कुखुराहरू*



*चित्र नं. ४ नालाको उग्रचण्डी भगवती र भक्तपुरका भिमसेन मन्दिरमा चढाइएका बोका*